प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर

# प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

(शिक्षा, युवा तथा खेलकुद महाशाखा)

# अनौपचारिक तथा साक्षरता र विशेष शिक्षा कार्यक्रम

## (अनौपचारिक तथा विशेष शिक्षा शाखा)

**(स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको समेत)**

# कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका

## आर्थिक बर्ष २०८०/०८१

## कोशी प्रदेश

## विराटनगर

१.कार्यक्रमको नामः - विशेष प्रकृतिका बालबालिका अध्ययन गर्ने स्रोतकक्षाका आया (Caretaker) हरूका लागि प्रोत्साहन अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २५३११ | ४.५.१.१५ | ७२ | जना | ७२० | दोस्रो, तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | स्रोतकक्षामा कार्यरत आयाहरू (Caretaker) ले खाइपाइ आएको पारिश्रमिक ज्यादै न्यून भइ जीविकोपार्जन गर्न कठिन भइरहेको र उनीहरूले वहन गर्ने जिम्मेवारी सम्बेदनशील र चौविसै घण्टा बालबालिकाहरूको हेरचाह र स्याहारमा तल्लिन भइरहनु पर्ने भएको हुँदा उनीहरूलाई कामप्रति अभिप्रेरित गर्न र थप जिम्मेवार वनाउन सकियोस् भनी प्रोत्साहन अनुदानको व्यवस्था गर्नुपरेको हुनाले यस शीर्षकमा बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | ❖ Caretaker हरूलाई सेवाप्रति अभिप्रेरित गर्नु<br>❖ बालबालिकाको उचित हेरचाह र स्याहारमा जिम्मेवार बनाउनु |
| अपेक्षित उपलब्धी | ❖ Caretaker हरू सेवाप्रति समर्पित बन्ने<br>❖ बालबालिकाको उचित हेरचाह र स्याहारमा जिम्मेवार हुने<br>❖ शिक्षामा गुणस्तरीयता हाँसिल भएको हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ लेखाजोखा केन्द्र र<br>❖ स्रोतकक्षा विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ लेखाजोखा केन्द्रले स्रोतकक्षाका आयाहरूको अभिलेख तयार गरी सम्बिन्धत शिक्षा विकास तथा समन्वय इकाइमा सिफारिस गर्ने<br>❖ शिक्षा विकास तथा समन्वय इकाइबाट लेखाजोखा केन्द्रबाट सो जिल्लाका स्रोतकक्षाका आयाहरू (Caretaker) हरूको विवरण अद्यावधिक तथा प्रमाणित गरी सामाजिक विकास मन्त्रालयमा पठाउने<br>❖ मन्त्रालयले शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त प्रमाणित अभिलेखका आधारमा आयाहरू (Caretaker) हरूको प्रोत्साहन अनुदान सम्बिन्धत स्रोतकक्षा विद्यालयको खातामा निकासा दिने<br>❖ मन्त्रालयले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ स्रोतकक्षा विद्यालयगत आयाहरुको नामनामेसी विवरण, भुक्तानी बील भर्पाई र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ लेखाजोखा केन्द्रले जिल्लागत प्रतिवेदन तथा स्रोतकक्षा विद्यालयहरुले कार्य सम्पन्न प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन मन्त्रालयमा पठाउने |



सचिव मन्त्री

२.कार्यक्रमको नामः-विराट वहिरा माध्यमिक विद्यालय विराटनगरलाई छात्रावास सुदृढिकरणका लागि अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २६३३६ | ११.४.२२.२४६ | १ | पटक | ३००० | पहिलो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयमा अध्ययनरत सुस्तश्रवण भएका बालवालिकाहरुको लागि निर्मित छात्रावासको भौतिक ब्यवस्थापनलाई सुदृढीकरण गरी बालवालिकाहरुको छात्रावासको बसाई सरल र सहज बनाइ जीवनोपयोगी सिकाइमा थप सहयोग पुग्न सकोस् भन्ने उद्देश्यले यस शीर्षकमा बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | ❖ छात्रावासको भौतिक अवस्था सुदृढ गर्नु<br>❖ बालवालिकाहरुको छात्रावासको बसाईलाई सहज बनाउनु<br>❖ सिकाईलाई दिगो र ब्यवस्थित बनाउनु |
| अपेक्षित उपलब्धी | ❖ छात्रावास भौतिक ब्यवस्थापन सुदृढीकरण हुने<br>❖ बालवालिकाहरुको छात्रावास बसाई सरल र सहज हुने<br>❖ बालवालिकाहरुको सिकाइ दिगो र व्यवस्थित हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ स्थानीय तह (विराटनगर मनपा ) र<br>❖ विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ स्थानीय तहले विद्यालयसँग छात्राबास सुदृढीकरणको योजना सहितको प्रस्ताव माग गर्ने<br>❖ स्थानीय तहले विद्यालयको छात्राबास सुदृढीकरणको प्रस्तावित कार्यक्रमको औचित्यताको आधारमा आर्थिक ऐन, नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने<br>❖ स्थानीय तहले प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने, अभिलेख राख्ने र लेखापरीक्षण गर्ने गराउने<br>❖ मन्त्रालय र स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ कार्य सम्पन्न प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ विद्यालयले कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदनको एक/एकप्रति सम्बन्धित स्थानीय तह र निर्देशनालयमा पठाउने |

सचिव मन्त्री

३. कार्यक्रमको नामः- भोजपुर वहिरा आवासीय आधारभूत विद्यालय भोजपुरलाई भौतिक व्यवस्थापन तथा शिक्षण सिकाइ सुदृढिकरणका लागि अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजितरकम(रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २६३३ | २.७.२३.१०९ | १ | पटक | १००० | प्रथम र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयको भौतिक व्यवस्थापनमा सुदृढीकरण तथा सुस्तश्रवण भएका बालवालिकाहरुको शिक्षण सिकाइमा थप सुदृढीकरण गरी बालवालिकाहरुको बसाईलाई सरल र सहज बनाइ गुणस्तरीय शिक्षण सिकाइमा थप सहयोग पुगोस् भन्ने उद्देश्यले यस शीर्षकमा बजेटको ब्यवस्था गरिएको हो। |
| उद्देश्य | ❖ विद्यालयको भौतिक ब्यवस्थापनलाई सुदृढीकरण गर्नु<br>❖ बालवालिकाहरुको छात्रावास बसाईलाई सरल र सहज बनाउनु<br>❖ सिकाइलाई गुणस्तरीय, दिगो र ब्यवस्थित बनाउनु |
| अपेक्षित उपलब्धि | ❖ विद्यालयको भौतिक ब्यवस्थापनमा सुदृढीकरण हुने<br>❖ बालवालिकाहरुको छात्रावासको बसाई सरल र सहज हुने<br>❖ बालवालिकाहरुको सिकाइ गुणस्तरीय, दिगो र ब्यवस्थित हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ स्थानीय तह (भोजपुर नपा )<br>❖ विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ स्थानीय तहले विद्यालयको आवश्यकतामा आधारित भौतिक व्यवस्थापन सुदृढीकरण तथा शिक्षण सिकाइ सुदृढीकरणको योजना सहितको प्रस्ताव माग गर्ने<br>❖ स्थानीय तहले प्रस्तावित कार्यक्रमको औचित्यताको आधारमा भौतिक सुदृढीकरण तर्फ ६० प्रतिशत र शिक्षण सिकाइ सुदृढीकरण तर्फ ४० प्रतिशत कार्य प्रगति हाँसिल हुनेगरी प्रस्ताव स्वीकृत गरेर आर्थिक ऐन, नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने<br>❖ स्थानीय तहले प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने, अभिलेख राख्ने र लेखापरीक्षण गर्ने गराउने<br>❖ मन्त्रालय र स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ कार्य सम्पन्न प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ विद्यालयले कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदनको एक/एकप्रति सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने |



सचिव मन्त्री

४. कार्यक्रमको नामः-पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय धरान १५ सुनसरीलाई भौतिक व्यवस्थापन तथा शिक्षण सिकाइ सुदृढीकरणका लागि अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २६३३२ | २.७.२३.११० | १ | पटक | १००० | प्रथम र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयको भौतिक व्यवस्थापनमा सुदृढीकरण गर्न तथा दृष्टिविहिन बालवालिकाहरुको शिक्षण सिकाइमा थप सुदृढीकरण गरी बालवालिकाहरुको बसाई व्यवस्थापनलाई सरल र सहज बनाइ गुणस्तरीय शिक्षण सिकाइमा थप सहयोग पुगोस् भन्ने उद्देश्यले यस शीर्षकमा बजेटको व्यवस्था गरिएको हो । |
| उद्देश्य | ❖ विद्यालयको भौतिक ब्यवस्थापनलाई सुदृढीकरण गर्नु<br>❖ बालवालिकाहरुको छात्रावासको बसाई सरल र सहज बनाउनु<br>❖ बालवालिकाहरुको सिकाइलाई गुणस्तरीय, दिगो र ब्यवस्थित बनाउनु |
| अपेक्षित उपलब्धि | ❖ विद्यालयको भौतिक ब्यवस्थापनमा सुदृढीकरण हुने<br>❖ बालवालिकाहरुको छात्रावास बसाई सरल र सहज हुने<br>❖ सिकाइ गुणस्तरीय, दिगो र ब्यवस्थित हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ स्थानीय तह (धरान उमनपा) र विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ स्थानीय तहले विद्यालयसँग विद्यालयको अवश्यकतामा आधारित भौतिक व्यवस्थापन सुदृढीकरण तथा शिक्षण सिकाइ सुदृढीकरणको योजना सहितको प्रस्ताव माग गर्ने<br>❖ स्थानीय तहले प्रस्तावित कार्यक्रमको औचित्यताको आधारमा भौतिक सुदृढीकरण तर्फ ६० प्रतिशत र शिक्षण सिकाइ सुदृढीकरण तर्फ ४० प्रतिशत कार्य प्रगति हासिल हुनेगरी प्रस्ताव स्वीकृत गरेर आर्थिक ऐन, नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने<br>❖ स्थानीय तहले प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने, अभिलेख राख्ने र लेखापरीक्षण गर्ने गराउने<br>❖ मन्त्रालय र स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ कार्य सम्पन्न प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ विद्यालयले कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदनको एक/एकप्रति सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने |



सचिव मन्त्री

## ५. कार्यक्रमको नाम:- पूर्वाञ्चल वहिरा विद्यालय धरान १६ सुनसरीलाई भौतिक व्यवस्थापन तथा शिक्षण सिकाइ सुदृढीकरणको लागि अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजितरकम(रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २६३३२ | २.७.२३.१११ | १ | पटक | ५०० | प्रथम र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयको भौतिक व्यवस्थापनमा सुदृढीकरण गर्न तथा सुस्तश्रवण भएका बालवालिकाहरुको शिक्षण सिकाइमा थप सुदृढीकरण गरी बालवालिकाहरुको बसाईलाई सहज बनाइ गुणस्तरीय सिकाइमा थप सहयोग पुगोस् भन्ने उद्देश्यले यस शीर्षकमा बजेटको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | ❖ विद्यालयको भौतिक ब्यवस्थापनलाई सुदृढीकरण गर्नु<br>❖ बालवालिकाहरुको छात्रावासको बसाईलाई सहज बनाउनु<br>❖ सिकाइलाई गुणस्तरीय, दिगो र ब्यवस्थित बनाउनु |
| अपेक्षित उपलब्धि | ❖ विद्यालयको भौतिकब्यवस्थापनमा सुदृढीकरण हुने<br>❖ बालवालिकाहरुको छात्रावासको बसाई सहज हुने<br>❖ सिकाइ गुणस्तरीय, दिगो र ब्यवस्थित हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ स्थानीय तह (धरान उमनपा ) र<br>❖ विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ स्थानीय तहले विद्यालयसँग विद्यालयको अवश्यकतामा आधारित भौतिक व्यवस्थापन सुदृढीकरण तथा शिक्षण सिकाइ सुदृढीकरणको योजना सहितको प्रस्ताव माग गर्ने<br>❖ स्थानीय तहले प्रस्तावित कार्यक्रमको औचित्यताको आधारमा भौतिक सुदृढीकरण तर्फ ६० प्रतिशत र शिक्षण सिकाइ सुदृढीकरण तर्फ ४० प्रतिशत कार्य प्रगति हाँसिल हुनेगरी प्रस्ताव स्वीकृत गरेर आर्थिक ऐन, नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने<br>❖ स्थानीय तहले प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने, अभिलेख राखे र लेखापरीक्षण गर्ने गराउने<br>❖ मन्त्रालय र स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ कार्य सम्पन्न प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ विद्यालयले कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदनको एक/एकप्रति सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने |

सचिव मन्त्री

६. कार्यक्रमको नामः- सुस्त मन: स्थिति (बौद्धिक अपाङ्गता ) बालकल्याण विद्यालय धरान १६ सुनसरीलाई भौतिक व्यवस्थापन तथा शिक्षण सिकाइ सुदृढीकरणका लागि अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २६३३२ | २.७.२३.११२ | १ | पटक | ५०० | प्रथम र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयको भौतिक अवस्था व्यवस्थापन सुदृढीकरण गर्न तथा सुस्त मन: स्थिति (बौद्धिक अपाङ्गता ) भएका बालवालिकाहरुको शिक्षण सिकाइमा सुदृढीकरण गरी बालवालिकाहरुको बसाइ ब्यवस्थापनलाई सहज र सरल बनाइ गुणस्तरीय सिकाइमा थप सहयोग पुगोस् भन्ने उद्देश्यले यस शीर्षकमा बजेटको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | ❖ विद्यालयको भौतिक ब्यवस्थापनलाई सुदृढीकरण गर्नु<br>❖ बालवालिकाहरुको छात्रावासको बसाईलाई सहज बनाउनु<br>❖ सिकाइलाई गुणस्तरीय, दिगो र ब्यवस्थित बनाउनु |
| अपेक्षित उपलब्धि | ❖ विद्यालयको भौतिक ब्यवस्थापनमा सुदृढीकरण हुने<br>❖ बालवालिकाहरुको छात्रावासको बसाई सहज हुने<br>❖ सिकाइ गुणस्तरीय, दिगो र ब्यवस्थित हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय<br>❖ सम्बन्धित स्थानीय तह (धरान उमनपा ) र विद्यालय |
| सञ्चालन प्रक्रिया | ❖ स्थानीय तहले विद्यालयसँग विद्यालयको अवश्यकतामा आधारित भौतिक व्यवस्थापन सुदृढीकरण तथा शिक्षण सिकाइ सुदृढीकरणको योजना सहितको प्रस्ताव माग गर्ने<br>❖ स्थानीय तहले प्रस्तावित कार्यक्रमको औचित्यताको आधारमा भौतिक सुदृढीकरण तर्फ ६० प्रतिशत र शिक्षण सिकाइ सुदृढीकरण तर्फ ४० प्रतिशत कार्य प्रगति हाँसिल हुनेगरी प्रस्ताव स्वीकृत गरेर आर्थिक ऐन, नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने<br>❖ स्थानीय तहले प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने, अभिलेख राख्ने र लेखापरीक्षण गर्ने गराउने<br>❖ मन्त्रालय र स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने |
| प्रगति सूचक | ❖ कार्य सम्पन्न प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ विद्यालयले कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदनको एक/एकप्रति सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने |

७.कार्यक्रमको नामः अनुगमन, मूल्याङ्कन, निरीक्षण तथा समन्वय

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक |
|---|---|---|---|---|---|---|
| ३५००३१०२ | २२६११ | २.८.१.१ | १ | पटक | २०० | पहिलो,दोस्रो तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | अनौपचारिक तथा विशेष शिक्षा शाखामा संचालन हुने सम्पूर्ण कार्यक्रमहरूको अनुगमन , निरीक्षण र मूल्याङ्कन मार्फत पारदर्शिता, जवाफदेहिता र औचित्यता पुष्टि गर्न सकियोस् भन्ने उद्देश्यले यस शीर्षकमा वजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | ❖ कार्यक्रमहरुको समग्र स्थितिको अनुगमन निरीक्षण र मूल्याङ्कन गर्नु<br>❖ अनुगमन र मूल्याङ्कनका माध्यमवाट समग्र कार्यक्रमको लेखाजोखा गर्नु<br>❖ कार्यक्रम कार्यान्वियनका चुनौति र समस्याहरू पत्ता लगाई पृष्ठपोषण प्रदान गर्नु<br>❖ कार्यक्रम कार्यान्वियनमा आवश्यक समन्वय गर्नु |
| अपेक्षित उपलब्धी | ❖ अनुगमन साधनको विकास हुने<br>❖ Indicators र Tools मा आधारित भएर अनुगमन र मूल्याँकन गर्ने परिपाटीको विकास कायमै रहने<br>❖ कार्यक्रम कार्यान्वियनमा देखिएका समस्या र चूनौतिका बारेमा जानकारी हासिल हुने<br>❖ कार्यक्रमको विकास र योजना तथा नीति निर्माणका लागि मार्गदर्शक हुने<br>❖ कार्यक्रम कार्यान्वियनमा आवश्यक समन्वय भइ कार्य सम्पादनमा सहजता हुने |
| मुख्य जिम्मेवारी | ❖ सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ❖ मन्त्रालयले अनुगमन साधनको विकास गर्ने<br>❖ विकास गरिएको अनुगमन साधन स्वीकृत गर्ने गराउने<br>❖ स्वीकृत अनुगमन साधनका माध्यमवाट अनौपचारिक तथा विशेष शिक्षा शाखामा संचालित कार्यक्रमहरूको नियमित अनुगमन र सुपरीवेक्षण गर्ने<br>❖ कार्यक्रम कार्यान्वियनमा नियमित पृष्ठपोषण प्रदान गर्ने |
| प्रगति सूचक | ❖ अनुगमन साधन,अनुगमन प्रतिवेदन |
| प्रतिवेदन प्रणाली | ❖ अनौपचारिक तथा विशेष शिक्षा शाखाले बार्षिक अनुगमन प्रतिवेदन तयारी गरी सम्बन्धित महाशाखामा पेश गर्ने |

सचिव

मन्त्री